आकाशवाणी

मुख्य समाचार---

- प्रधानमन्त्रीले छ-वटा वन्दे भारत एक्सप्रेस रेलगाडीको शुभारम्भ गर्नुहुने
- गृह मन्त्रीले भन्नुभयो, हिन्दी भाषाले देशलाई एकजुट गर्न अभूतपूर्व भूमिका निभाएको छ
- सरकारले बढ़ायो काँचो तेल र परिष्कृत सूरजमुखी तेलमा सीमा शुल्क
- भारतीय खाद्य निगमले **'स्वच्छता ही सेवा'** अभियानको गऱ्यो शुभारम्भ अनि
- भारत खाद्य सुरक्षा अनि पोषण सुनिश्चित गर्न खाद्य-आधारित सुरक्षा कार्यक्रम लागू गरिदै

---------------

**प्रधानमन्त्री-झारखण्ड**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोली झारखण्डको जमशेदपुरमा छवटा वन्दे भारत एक्सप्रेस रेलगाडीलाई झण्डा दिखाएर शुभारभ्भ गर्नुहुनेछ। यसमा टाटानगर-पटना, वाराणसी-देवघर, टाटानगर-ब्रह्मपुर, हावड़ा-धनबाद-गया, हावड़ा-दुमका-भागलपुर अनि हावड़ा-टाटानगर-राउरकेला वन्दे भारत एक्सप्रेस शामेल छ। यी रेलगाडीहरूको उद्घाटन टाटानगर रेलवे स्टेशनमा आयोजित भव्य समारोहमा गरिनेछ। यी रेलगाडीहरूको उद्देश्य झारखण्ड अनि छिमेकी राज्यमा कनेक्टिविटी अनि सुविधालाई बढ़ावा दिनु हो। वन्दे भारत एक्सप्रेसको शुभारम्भ भारतीय रेलवेलाई विश्व स्तरीय इकाईमा परिवर्तन गर्ने सरकारको व्यापक दृष्टिको प्रमाण हो । यस कार्यक्रममा झारखण्डमा केही प्रमुख रेलवे परियोजनाको पनि अनावरण गरिनेछ, जसले क्षेत्रीय आधारभूत पूर्वाधारमा सुधारका लागि सरकारको प्रतिबद्धतामा बल दिनेछ। यसै बीच प्रधानमन्त्री श्री मोदीले भोली जमशेदपुरको गोपाल मैदानमा जनसभालाई सम्बोधन गर्नुहुनेछ। जनसभा भन्दा पहिला प्रधानमन्त्रीले boltas round about देखी गोपाल मैदान सम्म डेढ किलोमीटर लामो रोड शो गर्नुहुनेछ।

**अमित शाह-राजभाषा सम्मेलन**

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले भन्नुभएको छ , हिन्दी भाषाले देशलाई एकजुट गर्नमा अभूतपूर्व भूमिका निभाएको छ । उहाँले भन्नुभयो, हिन्दी अनि अन्य भाषामा कुनै प्रतिस्पर्धा छैन । आज नयाँ दिल्लीमा राजभाषा हीरक

जयन्ती समारोह र चौथ◌ो अखिल भारतीय राजभाषा सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै श्री शाहले भन्नुभयो, सबै भाषालाई बलियो गर्नाले राष्ट्रको निर्माण हुन्छ। उहाँले भन्नुभयो राष्ट्रीय शिक्षा नीतिमा नानीहरूलाई उनीहरूको मातृभाषामा शिक्षा मिल◌ोस् भनेर विशेष जोड दिइएको छ।

**सरकार -तेल सीमा शुल्क**

सरकारले काचो तेलमा बीस प्रतिशत अनि परिष्कृत सूरजमुखी तेलमा बतीस दशमलव पा◌ँच प्रतिशत सीमा शुल◌्क आजदेखी बढाएको छ । वित◌्त मन्त्रालय द्वारा जारी अधिसूचना अनुसार, काचो **पाम**, सोयाबीन अनि सूरजमुखी तेलमा सीमा शुल◌्क शून◌्यदेखी बीस प्रतिशत सम्म बढाएको छ । परिष्कृत **पाम**, सोयाबीन अनि सूरजमुखी तेलमा सीमा शुल◌्क बारह दशमलव पा◌ँच प्रतिशत देखी पैतीस दशमलव पा◌ँच प्रतिशत गरेको छ। काचो तेलमा सीमा शुल◌्क पा◌ँच दशमलव पा◌ँच प्रतिशतदेखी बढ◌ेर सताइस दशमलव पा◌ँच प्रतिशत भएको छ। परिष्कृत तेलमा सीमा शुल◌्क तेरह दशमलव सात-पा◌ँच प्रतिशतदेखी बढ◌ेर पैंतीस दशमलव सात-पा◌ँच प्रतिशत भएको छ।

**क◌ंग्रेस हरियाणा पर्यवेक्षक**

क◌ंग्रेस अध्यक्ष श्री मल्ल◌ीकार्जुन खडगेले आज हरियाणा विधानसभा चुनावका लागि पार्टीका तीन वरिष्ठ नेता- **श्री अशोक गहलोत, श्री अजय माकन** अनि **प्रताप सिंह बाजवा**लाई पर्यवेक्षक नियुक्त गर्नुभयो। हरियाणा विधानसभाका लागि मतदान पा◌ँच अक्ट◌ोबरमा हुनेछ अनि मतगणना आठ अक्ट◌ोबरमा गरिनेछ।

**एफसीआई-स्वच्छता अभियान**

भारतीय खाद्य निगम-**एफ. सी. आई** –ले **स्वभाव स्वच्छता, संस्कार स्वच्छता-** मा ध्यान केन्द्रित गर्दै **'स्वच्छता ही सेवा'** अभियान शुरू गरेको छ। अभियान सत्र सितम◌्बर देखी दुई अक्टूबर सम्म देशभर◌ीका सबै एफ.सी.आई कार्यालय सहित सात सय साठ्ठी स्थानमा स्वच्छता गतिविध◌ीहरू आयोजित गरिनेछ। य◌ो अभियानले 'सम्पूर्ण समाज' –को दृष्टिकोणमा जोड द◌िने तीन प्रमुख स्तम्भ- **सम्पूर्ण स्वच्छता र स्वच्छता**

**लक्षित इकाई, स्वच्छताको भागीदारी  अनि सफाई मित्र सुरक्षा शिविरमा** केन्द्रित रहनेछ।

## मुम्बई-वक्फ विधेयक

केन्द्रीय अल्पसंख्यक कार्य मन्त्री श्री  किरन रिजिजूले आज विज्ञान, उद्योग, कानून अनि खेल सहित विभिन्न क्षेत्रमा पारसी समुदायको योगदानको उल्लेख गर्नुभयो । मुम्बईमा पारसी विरासतमा आयोजित सत्रमा श्री रिजिजूले भन्नुभयो, यो समुदायले आफ्नो घट्दो जनसंख्यालाई  लिएर ठूलो चुनौतीको सामना गर्दैछ। देशमा पारसी जनसंख्या बढ़ाउनका लागि **'जियो पारसी'** योजना कार्यान्वीत  गरिदैछ।  यसै बीच, मीडियालाई जानकारी दिँदै उहाँले भन्नुभयो, कसैको पनि वक्फ (संशोधन) विधेयकलाई लिएर गलत वा मनमर्जी सूचना फैलाउनु हुँदैन। उहाँले भन्नुभयो , यो विधेयकको समीक्षा गर्नका लागि एउटा संयुक्त  संसदीय समिती गठन गरिएको छ।

## भारत - जी20 कृषि बैठक

कृषि अनि किसान कल्याण राज्य मन्त्री श्री राम नाथ ठाकुरले भन्नुभयो , भारत खाद्य सुरक्षा अनि पोषण सुनिश्चित गर्नका लागि दुनियाको सबैभन्दा ठूलो खाद्य-आधारित सुरक्षा कार्यक्रम लागू  गरिदैछ। आज ब्राजीलको **कुइआबा-**मा  आयोजित जी-20 कृषि मन्त्रीस्तरीय बैठकलाई सम्बोधन  गर्दै श्री ठाकुरले भन्नुभयो, प्रधानमन्त्री श्री  नरेन्द्र मोदीको नेतृत्वमा भारतले   कृषि विकासलाई प्राथमिकता दिन्छ। उहाँले भन्नुभयो भारतको दृष्टिकोण उत्पादकतामा मात्र केन्द्रीत नरहेर आर्थिक, सामाजिक, पर्यावरणीय स्थिरता, किसानहरूको समृद्धीलाई बढ़ाउनु र विकासका लागि एउटा व्यापक दृष्टिकोण सुनिश्चित गर्नु पनि हो।  श्री ठाकुरले स्थायी अनि समृद्ध भविष्यका लगि उदारवादी कृषि प्रणाली विकसित गर्ने भारतको प्रतिबद्धतामा पनि जोड दिनुभयो।

## माण्डविया श्रमिक सुधार

श्रम अनि रोजगार मन्त्री डाक्टर मनसुख माण्डवियाले भोली गुजरातको राजकोटमा पश्चिमी राज्य अनि केन्द्र शासित प्रदेशको तेस्रो क्षेत्रीय बैठकको अध्यक्षता गर्नुहुनेछ। बैठकमा श्रम सुधार, ई-श्रम-असङ्गठीत श्रमिकको राष्ट्रीय डेटाबेस अनि रोजगारको अवसरलाई बढ़ाउनमा ध्यान दिनका साथै केन्द्र सरकार अनि राज्य द्वारा

गरीदैगरेको प्रमुख पहलमा सहयोगलाई बलियो गर्नमा चर्चा ह◌ुनेछ। यो बैठक श्रम र रोजगार मन्त्रालय द्वारा राज्य अनि केन्द्रशासि◌ित प्रदेशका साथ चल◌ीरहेको राष्ट्रव्यापी परामर्शको श्रृंखलाको एउटा भाग हो । बैठकमा असंगठित श्रमिकका लागि सामाजिक सुरक्षा लाभ सम्म सहज पहु◌ँच बनाउनका लागि ई-श्रम पोर्टलको स्थापना, भवन अनि निर्माण श्रमिकका विभिन्न क◌ेन्द्रीय कल्याणकारी योजनासम्म  पहु◌ँच सुनिश्चित गर्न सहित प्रमुख मुद्द◌ामा चर्चा गरिनेछ।

**यूएई-ओणम**

केरलको फसल उत्सव ओणम पूरे संयुक◌्त अरब अमीरातमा हर्षोल्लासका साथ मनाइदैछ। आज यस उत्सवको पहि◌ल◌ो दिन  **'उथरा दम'** मनाइदैछ। मलयाली समुदायले भोली मनाइने मुख्य कार्यक्रम **थिरू वोणम** –को तयारी गर्दैछ। संयुक्त अरब अमीरातमा बड◌ो संख्यामा केरलका मानिसहरू बसोबासो गरेका छन्। यसै गरी **ओणम** संयुक्त अरब अमीरातको अत्यधिक प्रतीक्षित सांस्कृतिक उत्सवहरूमा एउटा बन◌ेको छ। यसले  देशको समृद्ध बहु-संस्कृत◌ीवादलाई दर्शाउँछ। मलयाली समुदायका मानिस संयुक◌्त अरब अमीरातको बहु-सांस्कृतिक पहचानमा व्यवसायदेखी लि◌एर स्वास◌्थ्य सेवा र आतिथ◌्य तथा शिक्षा जस्तो विभिन◌्न  क्षेत्रमा महत्वपूर्ण भूमिका निभाउदैछ।

**मौसम-वर्षा**

मौसम विभागले आज ग◌ंगेय पश्चिम बंगाल, ओडिशा अनि झारखण्डमा मूसलाधार◌े पानी पर्ने सम्भावना व्यक्त गरेको छ। अगि◌ल◌ो द◌ुई दिनसम्म छत्तीसगढ़ अनि पूर्वी मध्य प्रदेशमा पनि अत्यधिक पानीपर्ने सम्भावना छ। मौसम विभागले अगि◌ल◌ो अठचालीस घण्टमा अरुणाचल प्रदेश, उप-हिमालयी पश्चिम बंगाल, सिक्किम, बिहार, उत्तर प्रदेश, नागाल◌्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, असम अनि मेघालयमा तीव्र गतीमा पानी पर्न सक्छ।

अनत्यमा मुख्य समाचार फेरी एकपल्ट

- प्रधानमन्त्रीले  छ-वटा  वन्दे भारत एक्सप्रेस रेलगाड◌ीको शुभारम्भ गर्नुहुने

- गृह मन्त्रीले भन्नुभयो, हिन्दी भाषाले देशलाई एकजुट गर्न अभूतपूर्व भूमिका निभाएको छ
- सरकारले बढ़ायो काँचो तेल र परिष्कृत सूरजमुखी तेलमा सीमा शुल्क
- भारतीय खाद्य निगमले **'स्वच्छता ही सेवा'** अभियानको गऱ्यो शुभारम्भ अनि
- भारत खाद्य सुरक्षा अनि पोषण सुनिश्चित गर्न खाद्य-आधारित सुरक्षा कार्यक्रम लागू गरिदै।

----------